बानियाँ बने संसदीय दलको नेता

कृष्ण सारु मगर | *हेटौंडा*

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा कांग्रेस बागमती प्रदेशका सभापति इन्द्र बानियाँ निर्वाचित भएका छन्। मुख्यमन्त्री बहादुरसिं लामालाई हराउँदै बानियाँ नेता निर्वाचित भएका हुन्।

बागमती प्रदेशमा दल नेताका लागि कार्यकाल नसकिँदै निर्वाचन भएको पहिलोपटक हो। बुधबार भएको निर्वाचनमा बानियाँले २२ मत र लामाले १४ मत प्राप्त गरेको निर्वाचन समितिका संयोजक हरिशरण श्रेष्ठले बताए। एक मत बदर भएको उनले बताए। यसअघि २०७९ पुसमा भएको दल नेताको निर्वाचनमा बानियाँलाई हराउँदै लामा विजयी भएका थिए। लामाले २१ मत र बानियाँले १६ मत प्राप्त गरेका थिए। गत ९ साउनमा लामाविरुद्ध संसदीय दलमा २१ जना प्रदेश सांसदले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए। त्यसकै प्रक्रिया स्वरूप मंगलबार कांग्रेस संसदीय दलको कार्यालयमा भएको मत विभाजनमा लामाको पक्षमा १५ मत मात्रै परेको थियो। विपक्षमा २२ मत परेसँगै लामाले संसदीय दलको नेताको हैसियत गुमाएपछि नयाँ नेता चयनका लागि निर्वाचन भएको हो।

बानियाँले दल नेताको हैसियतले लामा मुख्यमन्त्री बनेको र दल नेताको हैसियत गुमाएपछि नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए। 'यदि उहाँले राजीनामा दिनुभएन भने विधि र प्रक्रियाअनुसार अघि बढ्छौं', उनले भने।

बानियाँ दल नेता निर्वाचित भएपछि मुख्यमन्त्री लामालाई नैतिक संकट परेको छ। तर, लामाले मुख्यमन्त्री पदबाट राजीनामा नदिने बताएका छन्। 'संविधानको व्यवस्थाअनुसार मुख्यमन्त्री हुन दलको नेता हुनुपर्दैन, जनताले स्थिर सरकार चाहेको छ', उनले भने, 'म अस्थिरता निम्त्याउन चाहन्न।' बुधबारै तीनजना नयाँ मन्त्री नियुक्त गरेर लामाले सहजै मुख्यमन्त्री नछाड्ने स्पष्ट पारेका छन्। मुख्यमन्त्री लामाले नेपाली कांग्रेसबाट राजीनामा दिएका पाँचजना मन्त्रीहरूमध्ये तीनवटा मन्त्रालयमा नयाँ मन्त्री नियुक्त गरेका हुन्। गोविन्द लम्साललाई आन्तरिक मामिला मन्त्रालयको जिम्मेवारी दिइएको छ।

त्यस्तै, प्रदेशसभा सदस्य माया श्रेष्ठ र गीता गुरुङलाई पनि मन्त्री नियुक्त गरिएको छ। यद्यपि, उनीहरूले कुन-कुन मन्त्रालय सम्हाल्ने भन्ने विषय औपचारिक रूपमा तोकिएको छैन।

नवनियुक्त तीनैजना मन्त्रीहरूको शपथग्रहण समारोहको तयारी गरिएकामा नेकपा एमालेको आग्रहमा शपथ भने रोकिएको छ। एमालेले संसदीय दल नेता चयन प्रक्रियाको समयमा मन्त्री नियुक्त गर्दा राम्रो सन्देश नजाने भन्दै मन्त्रीको शपथ रोक्न भनेको थियो। नयाँ मन्त्रीहरूको शपथ बिहीबार गर्ने तयारी छ। सत्ता साझेदार दल नेकपा एमालेको बुधबारै हेटौंडामा बसेको प्रदेश संसदीय दलको बैठकले नेपाली कांग्रेस संसदीय दलको निर्णयअनुसार सहकार्य गर्ने जनाएको छ।

'कांग्रेस संसदीय दलको निर्णय नै आधिकारिक हुने र त्यसको आधारमा मात्र अघि बढ्ने नीति बैठकले स्पष्ट पारेको छ', बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ।

मकवानपुरमा कांग्रेस जगाएका बानियाँ

प्रदेशसभा निर्वाचनअन्तर्गत मकवानपुर-२ (ख) बाट प्रदेशसभा सदस्य रहेका बानियाँ २०७४ को निर्वाचनमा पनि यसै निर्वाचन क्षेत्रबाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए। कम्युनिस्टको 'लालकिल्ला' भनिने मकवानपुरमा २०७० सालको संविधानसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसबाट मकवानपुर-१ बाट निर्वाचित भएर उनले इतिहास रचेका थिए। २०६४ सालको संविधानसभा निर्वाचनमा उम्मेदवार बनेका बानियाँ त्यतिबेला भने पराजित भए।

मकवानपुरको तत्कालीन हर्नामाडी-४ मा २०२७ भदौमा जन्मिएका बानियाँ २०४४ सालमा राजनीतिमा प्रवेश गरेका थिए। २०५१ सालमा कांग्रेस महाधिवेशन प्रतिनिधिका चुनिएका बानियाँ २०५२ सालमा नेपाल विद्यार्थी संघको जिल्ला सहसचिव हुँदै २०५५ सालमा तरुण दल जिल्ला सचिव भए। २०५६ सालमा तरुण दल मकवानपुरको अध्यक्ष र २०५८ सालमा नेपाली कांग्रेस जिल्ला सदस्य चयन भएका थिए।

बानियाँ २०७३ चैत १२ मा नेपाली कांग्रेस मकवानपुरको सभापतिमा निर्वाचित भए। उनी २०७४ सालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री हुँदै गृह राज्यमन्त्रीसमेत भएका थिए। बानियाँ २०७८ मंसिरमा भएको अधिवेशनमा नेपाली कांग्रेसको बागमती प्रदेशको सभापतिमा निर्वाचित भएका थिए।

लागुऔषध दुर्व्यसनीविरुद्ध पर्सा प्रहरीको विशेष अप्रेसन, एकैदिन १६ पक्राउ

वीरगन्ज (अन्नपूर्ण) : पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर २ जानकीटोलस्थित नेपाल-भारत सीमानाकामा अवाञ्छित गतिविधि गर्ने १६ जना लागुऔषध दुर्व्यसनीलाई प्रहरीले पक्राउ गरेको छ।

सीमापारी भारतबाट लागुऔषध सेवन गरेर तथा बोकेर आउनेहरूले जानकीटोल चोकमा होहल्ला र झैझगडा गर्ने, सवारी दुर्घटना गराउने, विभिन्न अपराधिक गतिविधिमा संलग्न हुने जस्ता अवाञ्छित गतिविधि गरिरहेको स्थानीयको गुनासो थियो।

अवाञ्छित गतिविधि गर्ने त्यस्ता समूहलाई लक्षित गरेर जिल्ला प्रहरी कार्यालय पर्सा र इलाका प्रहरी कार्यालय जानकीटोलाको प्रहरी टोलीले जानकीटोला नाकामा बुधबार चेकजाँच गरेको थियो।

त्यसक्रममा भारतबाट लागु औषध सेवन गरेर आउने र नाकामा प्रहरीसँग अभद्र व्यवहार गर्ने समेत गरी १६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक किशोर लम्सालले बताए।

प्रहरी नायव उपरीक्षक लम्सालका अनुसार, पक्राउ पर्नेहरूमा पर्साको वीरगन्ज महानगरपालिका वडा नम्बर १७ का २५ वर्षीय सुजित पटेल र ३० वर्षीय राहुल यादव, वडा नम्बर २३ का २७ वर्षीय श्यामसुन्दर यादव र २४ वर्षीय ऐजे दास, वडा नम्बर २१ का २५ वर्षीय फिरोज अन्सारी र २३ वर्षीय देवनारायण राम, वडा नम्बर १३ का २६ वर्षीय सुमित कुशवाहा, वडा नम्बर १४ का २९ वर्षीय दीनानाथ पटेल, वडा नम्बर १४ का २५ वर्षीय दिपेन्द्र पासवान रहेका छन्।

यस्तै, पर्साकै बिन्दवासिनी गाउँपालिका वडा नम्बर २ का २७ वर्षीय नितेश मुखिया, ठोरी गाउँपालिका वडा नम्बर ४ का २७ वर्षीय रोहन बुढाथोकी र धोबिनी गाउँपालिका वडा नम्बर ३ का २९ वर्षीय रिजवान हवारी, बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ का २८ वर्षीय मनुप अछामी र २६ वर्षीय टलक बहादुर के.सी., सिरहाको धनगढीमाई नगरपालिका-१० का २८ वर्षीय दिनेश कुमार श्रेष्ठ, धनुषाको छिरेश्वर नगरपालिका-१ का ३५ वर्षीय जितेन्द्र कुमार यादवलाई पनि नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक लम्सालले जानकारी दिए।

ग्रामीण भेगको जानकीटोला नाकामा त्यस्ता दुर्व्यसनी युवाहरूको चहलपहल र गतिविधि बढेपछि त्यसलाई रोक्न जिल्ला प्रहरी कार्यालय पर्साले बुधबारदेखि विशेष अभियान नै थालेको लम्सालले बताए। त्यहि अभियानका क्रममा एकैदिन १६ जनालाई नियन्त्रणमा लिइएको उनले जानकारी दिए।

बुधबार पक्राउ परेका अधिकांश युवाहरू यसअघिपनि लागुऔषध सेवन र ओसार पसारमा पक्राउ परेर कैद सजाय भुक्तान गरिसकेकाहरू रहेको उनले बताए।

माओवादीमा फेरि अन्तरकलह

राजकरण महतो | *काठमाडौं*

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) र पार्टी उपमहासचिव जनार्दन शर्मा(प्रभाकर)बीच फेरि अन्तरकलह सुरु भएको छ। पार्टीको नेतृत्व हस्तान्तरणका विषयमा लामो समयदेखि उनीहरूबीच विवाद हुँदै आएको छ। पार्टी नै फुटको संघारमा पुग्न लागेको चर्चाबीच शुक्रबार प्रचण्डले स्थायी कमिटीको बैठक सुटुक्क बोलाएको हो। बुधबार पार्टी मुख्यालय पेरिसडाँडामा अनौपचारिक रूपमा पार्टी अध्यक्ष प्रण्डले पदाधिकारी बैठक बोलाएको पार्टी प्रवक्ता अग्नि सापकोटाले पुष्टि गरे। उनले भने, 'पार्टीभित्र आन्तरिक एकता थप मजबुत बनाउन स्थायी कमिटीको बैठकमा छलफल हुने छ।' प्रचण्ड र प्रभाकरबीचको टकरावले माओवादी पार्टी फुटको संघारमा पुगेको चर्चा छ। त्यसैको सेरोफेरोमा प्रचण्ड हडबढाएर पार्टीको हाईकमाण्डको बैठक बोलाएको चर्चा छ। तर पार्टी प्रवक्ता सापकोटाले पदाधिकारीको बैठकपछि यसबारे पत्रकारले सोधेको प्रश्नमा केही बोल्न मानेनन्।

प्रचण्ड र जनार्दनबीचको अन्तरसंघर्षबारे सोधिएको प्रश्नमा उनले भने, 'आन्तरिक एकतालाई मजबुत बनाउनेबारे हरेक बैठकमा एजेन्डा हुन्छन्। जनार्दनजीको बारेमा आजको बैठकमा चर्चा भएको छैन। बैठक संक्षिप्त भएको छ। स्थायी कमिटी बैठक बस्ने बेलामा यसबारे मैले व्यक्तिगत धारणा दिन वाञ्छनीय हुँदैन।'

माओवादीको पदाधिकारी बैठकले शुक्रबार बस्ने स्थायी कमिटीका एजेन्डाहरू तय गरेको छ। प्रवक्ताले दिएको जानकारीअनुसार बैठकको सुरुमा पार्टी अध्यक्ष प्रचण्डले वर्तमान राजनीति परिस्थितिको बारेमा ब्रिफिङ गर्ने छ। पोखरामा गएर अड्किएको पार्टी अभियानलाई सञ्चालन गर्ने बारे कुरो हुने छ। केन्द्रीय कमिटी बैठकको पनि मिति तय गर्ने छ प्रबक्ता सापकोटाले बताए। उनले भने, 'अब समाजवादी मोर्चाको बैठक पनि बस्ने छ। सुस्ताएको मोर्चालाई विस्तार गर्दै लैजान्छौं।'

Blue Corporation Pvt. Ltd.

Subidhanagar Gate, Tinkune, Kathmandu-32, Nepal
PAN No.-619884770, Tel No.: 9705110022

Sno.	Product Details	Type	Brand	Motor	Battery Capacity	Country of Origin	Unit	Price Per Unit	MRP
1	LEV-01 SE	SUV	LS Auto	99 KW	67.12 Kwh	China	1	NPR	59,90,000.00
2	LEV-01-CE	SUV	Ls Auto	99 KW	67.12 Kwh	China	1	NPR	64,99,000.00
3	LEV X	SUV	LS Auto	198 KW	77 Kwh	China	1	NPR	84,95,000.00
3	SUNLONG EV U1	VAN	SONLONG	12 SEATER	46.368 Kwh	China	1	NPR	47,47,000.00
4	SUNLONG EV U2	VAN	SONLONG	12 SEATER	50.176 Kwh	China	1	NPR	51,51,000.00

Imported from :- PEOPLE's REPUBLIC OF CHINA.

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल स्टेबल फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०८०/०३/२२ मा योजना संचालन अनुमति प्राप्त)

२०८२ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८२ आषाढ मसान्त रकम (रु)	२०८२ ज्येष्ठ मसान्त रकम (रु)
क. धितोपत्रमा लगानी			
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	९९१,८१०,३०७	९००,९६४,६२७
२	बैंक मुद्दती निक्षेप	-	-
३	ऋणपत्र /बन्ड	२,४४१,०००	५००,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	६६,१२९,३५५	६३,९६१,९२९
	जम्मा	१,०६०,३८०,६६२	९६५,४२६,५५६
ख. चालु सम्पत्ति			
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	१००,१६७,९१९	१३१,५४४,८७१
२	अन्य सम्पत्ति	२१,५३४,५५४	१५,०१८,७३७
	जम्मा	१२१,७०२,४७४	१४६,५६३,६०८
ग. चालु दायित्व			
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	(१७,३५०,६४४)	(९,२३२,७३३)
	जम्मा	(१७,३५०,६४४)	(९,२३२,७३३)
	खुद सम्पत्ति (ग्रस)	१,१६४,७३२,४९२	१,१०२,७५७,४३१
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२,३०३,८४८	३,१७४,०२६
	कोष सुपरिवेक्षक शुल्क	२९२,६२०	२२४,०४९
	खुद सम्पत्ति	१,१६२,१३६,०२४	१,०९९,३५९,३५६
	जम्मा इकाई	११३,०००,०००	११३,०००,०००
	प्रति इकाई खुद मूल्य	१०.२८	९.७३

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८२ आषाढ मसान्त रकम (रु)	२०८२ ज्येष्ठ मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	९३,१००,८१५	८९,०२६,६०१
२	प्राप्त भइ नसकेको आम्दानी	(४१,९६६,२३७)	(१०२,५४१,९०६)
	जम्मा आम्दानी	५१,१३४,५७७	(१३,५१५,३०५)
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	८४६,७९७	८०६,३६५
२	योजना लेखापरीक्षण शुल्क	११३,०००	१०३,४०३
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१९,४९९,६८३	१७,७९६,७०६
४	कोष सुपरिवेक्षक शुल्क	१,३७६,४४८	१,२५६,२३८
	जम्मा खर्च	२१,८३५,९२८	१९,९६२,७१२
	कुल आय / (व्यय)	२९,२९८,६४९	(३३,४७८,०१७)

नोटः - सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
- योजनाको २०८२ आषाढ मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिवेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,१०२,३४५,९५१/- रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मूल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	एनएमबि बैंक लिमिटेड	१०१,७२७	२७,४३७,८०६
२	एभरेष्ट बैंक लिमिटेड	१३,१८३	९,२४८,६६५
३	सानिमा बैंक लिमिटेड	७९,२३३	२९,६९४,१५१
४	एनआईसी एसिया बैंक लिमिटेड	४७१३५	१९,७९९,०५७
५	कुमारी बैंक लिमिटेड	१४७,४९१	३२,४१४,०९७
६	प्रभु बैंक लिमिटेड	१११,३१२	२४,६९९,०२०
७	लक्ष्मी सनराइज बैंक लिमिटेड	१२६,६६४	३०,२३९,७६३
	विकास बैंक समूह		
१	लुम्बिनी बिकास बैंक लिमिटेड	६,१६८	२,९६४,८९६
२	साइन रेसुङ्गा डेभलप्मेन्ट बैंक लिमिटेड	६२,४०८	२६,९५८,३८४
३	गरिमा बिकास बैंक लिमिटेड	२०,१३१	८,६२३,३१५
४	साङ्ग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	३९,१२९	१८,१०९,६८४
	लघुवित्त समूह		
१	डिप्रोक्स लघुवित्त वित्तिय संस्था लिमिटेड	११,७८४	१०,३९६,४३४
२	हिमालयन लघुवित्त वित्तिय संस्था लिमिटेड	१२,०८६	१२,२७०,९१६
३	समता घरेलु लघुवित्त वित्तिय संस्था लिमिटेड	१८	१७,०२४
४	स्वावलम्बन लघुवित्त वित्तिय संस्था लिमिटेड	२०,११२	१७,७२७,५२१
५	साना किसान लघुवित्त वित्तिय संस्था लिमिटेड	३५,२५७	३१,१८१,६४३
६	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लिमिटेड	१३,६३४	१०,८९४,६५७
७	कालिका लघुवित्त वित्तिय संस्था लिमिटेड	११,०६०	११,७१८,०७०
८	निर्धन उत्थान लघुवित वित्तिय संस्था लिमिटेड	२०,६४१	१५,८६६,९४३
९	नाडेप लघुवित्त वित्तिय संस्था लिमिटेड	३२,९५३	३०,०८०,१५७
१०	नेरुडे मिर्मिरे लघुवित्त वित्तिय संस्था लिमिटेड	३४,३५६	२४,०६१,२२५
११	अभियान लघुवित्त वित्तिय संस्था लिमिटेड	२,८६४	३,०५०,५०४
	जलविद्युत् समूह		
१	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१८,०६२	११,५४५,०५०
२	अपि पावर कम्पनी लिमिटेड	२३,७७४	७,०३५,२०२
३	सानिमा मिडल तमोर हाईड्रोपावर लिमिटेड	२,७०८	१,४०१,४७१
४	सानिमा माई हाईड्रोपावर लिमिटेड	१९,९२०	१२,४८८,०४७
५	कालिका पावर कम्पनी लिमिटेड	८७४	४७४,२५०
६	पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड	४२,१९०	२१,५५९,०९०
७	युनाइटेड इडी मार्दी आरबी हाइड्रोपावर लिमिटेड	११,९१७	७,२८९,५१०
८	माथिलो मैलुन खोला जलविद्युत लिमिटेड	३,७५०	२,२२०,३७५
९	हिमालयन उर्जा बिकास कम्पनी लिमिटेड	९,०००	२,२५८,२८०
१०	साहस उर्जा लिमिटेड	४,०००	२,५६०,१६०
	फाइनान्स समूह		
१	मञ्जुश्री फाइनान्स लिमिटेड	१८,४७८	११,५१६,७८३
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	३५,१२३	२२,४९८,७४०
३	गुडविल फाइनान्स कम्पनी लिमिटेड	८,९१७	६,३७०,०३७
	निर्जीवन बीमा समूह		
१	यूनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लिमिटेड	४५,९७५	२६,२७७,४७१
२	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	३४,७७८	२४,७०४,९००
३	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	३९,२३९	३२,९७४,४९४
४	राष्ट्रिय बिमा कम्पनी लिमिटेड	७७७	११,७४०,४७०
५	एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,९७६	२८,०३५,३७७
६	प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड	४,६४२	४,२७६,४८९
७	हिमालय एभरेष्ट इन्स्योरेन्स लिमिटेड (संस्थापक सेयर)	७,९१३	२,९६७,४५४
८	नेपाल माइको इन्स्योरेन्स कम्पनी लिमिटेड	७७४	१,२०६,९७६
	जीवन बीमा समूह		
१	सिटिजन्स् लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,१७२	१९,५२५,४०९
२	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२२,८०८	११,३६६,९९५
३	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	५४,५८३	२६,०१८,६२४
४	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	३५,०४५	३१,१६३,०६५
५	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	८२५	१,८१०,२८९
६	क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	७७३	१,०५४,६५०
७	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	१५,६२८	६,३६२,३१५
	होटल समूह		
१	चन्द्रागिरी हिल्स लिमिटेड	९,९८५	९,५४५,८६०
२	तारागाउ रिजेन्सी होटल लिमिटेड	२७,३५०	२५,८७६,३८२
	उत्पादन तथा प्रशोधन समूह		
१	शिवम् सिमेन्ट्स लिमिटेड	२१,०९४	११,२८६,१३४
२	हिमालयन डिष्टिलरी लिमिटेड	२,७११	३,३५२,२६०
३	सर्वोत्तम सिमेन्ट्स लिमिटेड	१४,९३५	१२,९३०,८७२
४	बोटलर्स नेपाल (तराइ) लिमिटेड	३९४	५,०४३,२००
५	ओम मेगाश्री फार्मा लिमिटेड	१,०८६	१,६४८,२८७
६	युनिलिभर नेपाल लिमिटेड	५७	२,६४१,३८०
	सामूहिक लगानी कोष समूह		
१	कुमारी सबल योजना	१,५३७,५००	१५,३७५,०००
२	गरिमा समृद्धि योजना	३००,०००	२,९८५,०००
३	एन एम बि हाइब्रिड फण्ड एल - २	२००,०००	१,८१२,०००
४	एमबीएल ईक्वीटी फण्ड	१००,०००	९९३,०००
५	सिटिजन्स् म्युचुअल फण्ड - २	२४१,७०२	२,५८१,३७७
	लगानी समूह		
१	नागरिक लगानी कोष	२२,९५१	४५,३४४,७५०
२	नेपाल इनफ्रास्ट्रक्चर बैंक लिमिटेड	६०,८५०	१७१३७१८६
३	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (संस्थापक सेयर)	२७,०००	५,६८५,१२०
	अन्य समूह		
१	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	६५,२७१	६०,२३०,७७३
२	नेपाल दुरसंचार कम्पनी लिमिटेड	७,४१९	६,५०८,४६६
३	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१२,७६६	१६,०८६,५६४
४	पियोर इनर्जी लिमिटेड	४६२	४०२,७३०
५	ट्रेड टावर लिमिटेड	१,११४	५७०,८५८
	ट्रेडिङ्ग समूह		
१	साल्ट ट्रेडिङ कर्पोरेसन	१,४४०	७,६१७,६००
	कूल		९९१,८१०,३०७

कोष प्रवर्द्धक: NIMB
केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाडौं। फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेल: info@nimb.com.np वेबसाइट : www.nimb.com.np

योजना व्यवस्थापक: NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्याफिटल लिमिटेड
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १५ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

रेशमलाल थारुको नाति हरि नारायण थारुको छोरा मोरङ्ग जिल्ला तेतरीया गा.वि.स. वडा नं. ८ हाल, ग्रामथान गा.पा. वडा नं. ५ बस्ने **कमल कुमार माझी** (ना.प्र.नं. : ५-१०५३१ जारी मिति र जिल्ला : २०६६/०२/०६, मोरङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) मोहनलाल थारुको छोरी हरी नारायण थारुको बुहारी कमल कुमार माझीको पत्नी मोरङ्ग जिल्ला तेतरीया वडा नं. ७ हाल, ग्रामथान गा.पा. वडा नं. ५ बस्ने **श्यामवती कुमारी माझी** (ना.प्र.नं. : ५३०२२/३१८ जारी मिति र जिल्ला : २०६३/१२/११, मोरङ्ग)

२) बुद्धि नारायण चौधरीको नाति रेशमलाल थारुको छोरा मोरङ्ग जिल्ला तेतरीया गा.वि.स. वडा नं. ८ हाल, ग्रामथान गा.पा. वडा नं. ५ बस्ने **हरी नारायण थारु** (ना.प्र.नं. : ८१५६ जारी मिति र जिल्ला : २०३४/०४/२७, मोरङ्ग)

२) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

शिवलाल दुलालको नाति तिलक बहादुर दुलालको छोरा मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ६ हाल, वडा नं. ३ बस्ने **विकाश दुलाल** (ना.प्र.नं. : १५८४१ जारी मिति र जिल्ला : २०६०/११/१७, मोरङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) जगत बहादुर वस्नेतको छोरी शिवलाल दुलालको बुहारी तिलक बहादुर दुलालको पत्नी मोरङ्ग जिल्ला उर्लावारी वडा नं. ६ हाल, उर्लाबारी न.पा. वडा नं. ३ बस्ने **पदम माया दुलाल** (ना.प्र.नं. : १२४१३/७८८ जारी मिति र जिल्ला : २०४५/११/०३, मोरङ)

२) खमान सिंह कार्कीको नाति हर्क बहादुर कार्कीको छोरा मोरङ्ग जिल्ला हसन्दह वडा नं. २ हाल, पथरी शनिश्चरे न.पा. वडा नं. ५ बस्ने **डिक बहादुर कार्की** (ना.प्र.नं. : १४९२५/२२७ जारी मिति र जिल्ला : २०५५/१२/३०, मोरङ्ग)

३) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

बुद्ध विर तामाङ्गको नाति नर बहादुर तामाङ्गको छोरा मोरङ्ग जिल्ला मधुमल्ला वडा नं. ८ हाल, उर्लाबारी न.पा. वडा नं. १ बस्ने **धन बहादुर तामाङ्ग** (ना.प्र.नं. : ०५२०४३/४२५ जारी मिति र जिल्ला : २०६५/०७/०४, मोरङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) नर बहादुर तामाङ्गको नातिनी धन बहादुर तामाङ्गको छोरी मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. १ बस्ने **ऐलिजिना तामाङ्ग** (ना.प्र.नं. : ०५-०२-७८-०१२५७ जारी मिति र जिल्ला : २०७८/०५/२५, मोरङ्ग)

२) विर बहादुर मुक्तानको नाति राम बहादुर मुक्तानको छोरा मकवानपुर जिल्ला मकवानपुरगढी गा.वि.स वडा नं. ३ हाल, मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. १ बस्ने **भीम बहादुर मुक्तान** (ना.प्र.नं. : २७/२००६२ जारी मिति र जिल्ला : २०६१/११/१७, मकवानपुर)

४) शाखा कार्यालय : उर्लाबारी शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

बैजनाथ साहु तेलीको नाति श्री प्रसाद साहु तेलीको छोरा सुनसरी जिल्ला भादगाउँसिनुवारी गा.वि.स. वडा नं. २ हाल, मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ५ बस्ने **अनिल कुमार साहु तेली** (ना.प्र.नं. : १००५७९/२००५७९ जारी मिति र जिल्ला :२०६२/०३/२४, सुनसरी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) खड्ग बहादुर गुरुङ्गको छोरी श्री प्रसाद साहु तेलीको बुहारी अनिल कुमार साहु तेलीको पत्नी सुनसरी जिल्ला भादगाउँसिनुवारी गा.वि.स. वडा नं. २ हाल, उर्लावारी न.पा. वडा नं. ५ बस्ने **भगवती गुरुङ्ग (साहु तेली)** (ना.प्र.नं. : ०६-०१-७१-००१९९ जारी मिति र जिल्ला : २०७१/०१/०९, सुनसरी)

२) नर बहादुर गुरुङ्गको बुहारी खड्ग ब. गुरुङ्गको पत्नी मोरङ्ग जिल्ला शन्शिचरे वडा नं. १ हाल, उर्लाबारी न.पा. वडा नं. ५ बस्ने **बसन्त कुमारी गुरुङ्ग** (ना.प्र.नं. :३०६५/३५४८ जारी मिति र जिल्ला : २०४६/०३/१३, मोरङ्ग)

५) शाखा कार्यालय : ठिमी शाखा — **कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

ऋणीको विवरण

संस्थाको नाम : **देउराली कृषि फार्म** प्रोपाइटरको नाम : रोहिनी दंगाल दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय
प्रा.फ.द.नं. : १०३६२/०७७/०७८ दर्ता मिति : २०७७/११/१७
फर्मको ठेगाना : भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं २ स्थायी लेखा नं. : ६१५३४४३५३

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भिमनाथ वोलखेको छोरी यज्ञ प्रसाद दंगालको बुहारी ठाकुर प्रसाद दंगालको पत्नी काभ्रेपलाञ्चोक जिल्ला डाडागाँउ वडा नं. ४ हाल, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. २ बस्ने **रोहिनी दंगाल** (ना.प्र.नं : ३०३०३२/४६७ जारी मिति र जिल्ला : २०६३/१०/२८, काभ्रेपलाञ्चोक)

२) चन्द्रकान्त दंगालको नाति यज्ञ प्रसाद दंगालको छोरा काभ्रेपाञ्चोक जिल्ला खानीखोला गा.पा वडा नं. ३ हाल, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. २ बस्ने **ठाकुर प्रसाद दंगाल** (ना.प्र.नं : १२१९६७ जारी मिति र जिल्ला : २०६०/०७/२०, काभ्रेपलाञ्चोक)

३) चन्द्रकान्त दंगालको नातिनी यज्ञ प्रसाद दंगालको छोरी काभ्रेपलाञ्चोक जिल्ला माहांकाल चौर वडा नं. ९ हाल, भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ६ बस्ने **शुशिला दंगाल** (ना.प्र.नं. : ३० ०१-०६७-१४५४८ जारी मिति र जिल्ला : २०६७/११/११, काभ्रेपलाञ्चोक)

६) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

त्रिवेणी थारुको छोरी राम वरण थारुको बुहारी विरेन्द्र चौधरी थारुको पत्नी नवलपरासी जिल्ला तिलकपुर वडा नं. ८ हाल, सरावल गा.पा. वडा नं. ३ बस्ने **गिता देवी चौधरी** (ना.प्र.नं. : ४९५६३ जारी मिति र जिल्ला : २०५५/१२/१५, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

सिपही थारुको नाति राम वरण थारुको छोरा नवलपरासी जिल्ला तिलकपुर वडा नं. ८ हाल, सरावल गा.पा. वडा नं. ३ बस्ने **विरेन्द्र चौधरी थारु** (ना.प्र.नं. : ४१२७४ जारी मिति र जिल्ला : २०५४/०१/०२ , नवलपरासी)

७) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

सोहरम चमारको छोरी छाङ्गुर चमारको बुहारी पलझन चमारको पत्नी नवलपरासी जिल्ला रामग्राम वडा नं. ७ हाल, रामग्राम गा.पा. वडा नं. ७ बस्ने **फुलमती चमार** (ना.प्र.नं. : ३६१०६९/२५०० जारी मिति र जिल्ला : २०६८/०४/०४, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

बुदुर चमारको नाति छाङ्गुर चमारको छोरा नवलपरासी जिल्ला रामग्राम वडा नं. ७ हाल, रामग्राम गा.पा. वडा नं. ७ बस्ने **पलझन चमार** (ना.प्र.नं. : ६३७८० जारी मिति र जिल्ला : २०७९/०२/१९, नवलपरासी)

८) शाखा कार्यालय : भुमही शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

रामवृक्ष चमारको बुहारी सामी नाथ चमारको पत्नी नवलपरासी जिल्ला रामग्राम वडा नं. ७ हाल, रामग्राम गा.पा. वडा नं. ७ बस्ने **रम्भा हरिजन** (ना.प्र.नं. : ३६१०६९/१६२ जारी मिति र जिल्ला : २०६६/०६/२६, नवलपरासी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

बुधु चमारको नाति रामवृक्ष चमारको छोरा नवलपरासी जिल्ला रामग्राम गा.पा. वडा नं. ७ बस्ने भवनाथ चमार (ना.प्र.नं. : ३६३०६९/८५६ जारी मिति र जिल्ला : २०६३/११/२०, नवलपरासी)

९) शाखा कार्यालय : खोलेसिमल शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

जीत बहादुर वाइवाको नाति विर बहादुर वाइवाको छोरा चितवन जिल्ला पिठुवा वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १५ बस्ने **अर्जुन वाइवा** (ना.प्र.नं. : ३५-०४२०९४ जारी मिति र जिल्ला : २०६५/०८/२९, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

हर्क बहादुर वाइवाको नाति जीत बहादुर वाइवाको छोरा चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १५ बस्ने **वीर बहादुर वाइवा** (ना.प्र.नं. : २१०७ जारी मिति र जिल्ला : २०४५/०६/१८, चितवन)

१०) शाखा कार्यालय : खोलेसिमल शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

तिलक बहादुर विश्वकर्माको छोरी लोक बहादुर सुनारको बुहारी दिनेश वि.क.को पत्नी चितवन जिल्ला जुटपानी गा.वि.स. ४ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **प्रमिला विश्वकर्मा** (ना.प्र.नं. : ३५३/६९५ जारी मिति र जिल्ला : २०७०/०२/२२, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) वल्दर सुनारको नाति लोक बहादुर सुनारको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ४ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **दिनेश वि.क** (ना.प्र.नं. : ०४०८७१ जारी मिति र जिल्ला : २०६५/०६/०१, चितवन)

२) रत्नबहादुर वि.क.को छोरी वल्दर सुनारको बुहारी लोक वहादुर सुनारको पत्नी चितवन जिल्ला पदमपुर वडा नं. ७ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **धन कुमारी विश्वकर्मा** (ना.प्र.नं. : ६८७ जारी मिति र जिल्ला : २०४५/०१/१६, चितवन)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ